शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक

गौतमबुद्ध सन्देश
दैनिक
खोजी खोजी पढौं ।
ताजा समाचारका लागि
www.
gautambuddhasandesh.com
लगइन गर्नुहोस्

वर्ष ७ | अङ्क : १२४ | २०७८ भदौ २१ गते सोमबार | 6 Sep. 2021, Monday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रु.: ५/-

# बुद्ध जन्मस्थल लुम्बिनीमा भ्रष्टाचार !

## मिलेमतोमा ३ अर्बभन्दा बढीका चार ठेक्का

**गौतमबुद्ध सन्देश**
भैरहवा, २० भदौ।

बुद्ध जन्मस्थल लुम्बिनीको विकासका लागि गठित लुम्बिनी विकास कोषले मिलेमतोमा ठेक्का लगाएर अनियमितताको दाग लगाएको छ । १० जेठ २०७८ गते कोषले आह्वान गरेको ४ वटा टेन्डरमा प्रतिस्पर्धा सीमित गरिएको भन्दै नेपाल निर्माण व्यवसायी महासंघले नै विरोध गर्दागर्दै कोषले विरोधकै बीचमा पनि ठेक्का प्रक्रिया अघि बढाउँदै आइतबार बोलपत्रको 'आर्थिक मूल्यांकन' सकेर छनोट भएका कम्पनीको सूची सार्वजनिक गरेको छ।

करिब साढे ३ अर्ब लागत अनुमानको ठेक्का मिलेमतोमा करिब ३ अर्ब १० करोडमा दिन ठिक्क पारिएको छ । सामान्यतया : ठूला ठेक्कामा ३० प्रतिशतसम्म कम मूल्यमा ठेक्का लाग्ने भएपनि मिलेमतोकै कारण करिब लागत अनुमानमा ३० करोड मात्रै घटेर ठेक्का लगाउन लागिएको हो।

सुरुबाटै विकास कोष स्रोतले ०८/०७७/७८ नम्बरको ठेक्का लुम्बिनी-अनक-खड्का कृष्ण जेभी कम्पनीलाई पर्ने तय भएको स्रोतको दावी गर्दै आएको थियो । ०९/०७७/७८लामा-एपेक्स-कमलजीत जेभी र १०/०७७/७८ नम्बरको ठेक्का रमन-गजुरमुखी-रामजानकी जेभी कम्पनीलाई पर्ने कोषकै अधिकारीहरुले बताएका थिए।

ठेक्का ११/०७७/७८ भने खानी-अर्घाखाँची-बाबुल जेभी कम्पनीलाई पर्ने भनिएको थियो। प्राविधिक प्रस्तावमा पास हुने वास्तविक कम्पनी १३ वटा हुने र वाइबा निर्माण कम्पनी प्राविधिक प्रस्तावमा पास भए पनि ठेक्का नपाउने स्रोतको दावी थियो।

पहिले सार्वजनिक भएका समाचारहरुमा गरिएको दावीसँग हुबहु मिल्ने गरी लुम्बिनी विकास कोषले ठेक्का लगाउने तय गरेको छ । ती ठेक्कामा सीमित कम्पनीलाई मात्र दिने गरी 'क्वालिफिकेसन क्राइटेरिया' तोकिएको थियो।

ठेक्काहरुमा तोकिएको अनुभवको सबै शर्त एउटा निर्माण व्यवसायीले मात्रै पूरा गर्न सक्ने अवस्था देखेपछि नेपाल निर्माण व्यवसायी महासंघले नै अख्तियार दुरुपयोग अनुसन्धान



आयोगदेखि सार्वजनिक खरीद अनुगमन कार्यालयसम्म उजुरी गरेको थियो।

एउटै ठेक्का गर्दा सो काममा विदेशी ठेकेदार आउने अवस्था भएपछि चार वटामा टुक्र्याइएको थियो । तर, टुक्र्याएर बनाएका प्याकेजमा पनि लुम्बिनी कन्स्ट्रक्सनसँग मिलेर खानी, सीएम, बाबुललगायत बढीमा ९ वटा कन्स्ट्रक्सन कम्पनीलाई ज्वाइन्ट भेन्चरमा दिन लागिएको महासंघको ठहर थियो। ठेक्का भाग लगाउने योजना अनुसार कोषले उनीहरूसँग मिल्दो योग्यता मागेको महासंघको आरोप थियो।

यो ठेक्कामा सहभागी हुन पुरातात्विक क्षेत्रमा एउटै २० करोडको ठेक्कामा काम गरेको अनुभव मागिएको थियो । जबकि नेपालमा पुरातात्विक सम्पदा निर्माणमा यति ठूलो काम गरेका ठेकेदार थोरै छन्।

त्यसमाथि कोषले 'सडक तथा ढल पूर्वाधारमा विगत १० वर्षभित्रका तीन आर्थिक वर्षमा ५८ करोड रूपैयाँ भन्दा बढीको वार्षिक कारोबार गरेका कम्पनीले कम्तीमा ६० करोड रुपैयाँ भन्दा माथिको काम गरेको अनुभवसहित पाँच हजार वर्ग क्षेत्रफलमा एउटै ठेक्काबाट एम ३५ इन्टरलक कबल ब्लकको काम गरेको अनुभव' समेत मागेर प्रतिस्पर्धा खुम्च्याएको थियो।

यस्तो अनुभवका शर्त राख्दा कुल कामको परिमाणको ८० प्रतिशत अनुभव आवश्यक पर्ने व्यवस्था भए पनि मिलेमतोमा संलग्न कम्पनीहरूको योग्यता नपुगे भएपछि तिनै कम्पनीका योग्यतासँग मिल्ने गरी २० प्रतिशत भए पुग्ने गरी शर्त तोकिएको थियो।

विवादास्पद यो ठेक्का प्रक्रिया रोक्नुपर्ने माग गर्दै व्यवसायीहरू मुद्दा लिएर सर्वोच्च अदालतमा पुगेका थिए। तर, सर्वोच्चले अन्तरिम आदेश नदिएपछि ठेक्का प्रक्रिया अघि बढेको थियो।

# एक महिना पुग्दा पनि ८ मन्त्रालयले पाएन मन्त्री

बुटवल, २० भदौ। (गौबुस)

लुम्बिनी प्रदेशमा सरकार गठन भएको १ महिना पुग लाग्दा पनि मन्त्रीमण्डलले पूर्णता पाएको छैन । काग्रेस, माओवादी, जनता समाजवादी र राष्ट्रिय जनमोर्चाको गठबन्धन सरकारमा १३ मन्त्रालय बनाइएपनि मुख्यमन्त्रीसहित ५ वटा मन्त्रालयले मात्रै मन्त्री पाएका छन्।

८ वटा मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री कुलप्रसाद केसी आफैले सम्हालिरहेका छन् । मन्त्री बनेका २ जनाले समेत मन्त्रालयको जिम्मेवारी पाएका छैनन् । कांग्रेसका डिल्लीबहादुर चौधरी पर्यटन, ग्रामीण तथा शहरी विकास, माओवादीका कृष्णध्वज खड्का आर्थिक मामिला तथा सहकारी, जनता समाजवादी पार्टीका सहसराम यादव भौतिक पूर्वाधार विकास र सूर्य चिन्हबाट चुनाब जितेका स्वतन्त्र समूहका अजय शाही उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री छन्। त्यसबाहेक जसपाका पुर्मती ढेंगा र सुमन शर्मा रायमाझी बिना विभागीय मन्त्री छन्।

बाँकी रहेका आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, उर्जा जलस्रोत तथा सिँचाई मन्त्रालय, कानुन महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, कृषि खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय, वन वातावरण तथा भू-संरक्षण मन्त्रालय, शिक्षा, विज्ञान युवा तथा खेलकुद मन्त्रालय, श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय गरी ८ वटा मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री केसीले सम्हालेका छन् । मन्त्रालय थप गरेपछि आवश्यक पर्ने भौतिक पूर्वाधार तयार पार्ने समय लागेको भन्दै मन्त्रीमण्डल विस्तार रोकिएको छ । मन्त्रीका लागि गाडी, कार्यालय, कर्मचारी र निवास तयार नभएकाले मन्त्रिमण्डल विस्तारमा ढिलाई भएको मुख्यमन्त्री कार्यालयका एक कर्मचारीले बताए।

यसअघि मन्त्रालय रहेका ठाउँमै आधा-आधा गरेर मन्त्रालय राख्ने तयारी भए पनि अरु पूर्वाधार तयार भएको छैन।

जसमा कर्मचारीले ढिलासुस्ती गरेको सत्तारुढ दलका एक नेताले बताए। पूर्ववर्ती सरकारसँग काम गरेका कर्मचारीले केसीलाई असहयोग गरेकाले केसी आफु अनुकुलका कर्मचारी ल्याउने प्रयत्नमा लागेका छन्। अर्कोतिर, काग्रेस वडा अधिवेशनमा केन्द्रित भएकाले पनि मन्त्रिमण्डल विस्तारमा अलमल भएको सत्तारुढ दलका नेता बताउँछन् । सरकारका प्रवक्ता कृष्णध्वज खड्का भने छिटै नै मन्त्रिमण्डल विस्तार हुने बताउँछन् । गठबन्धनले मन्त्रीका आकांक्षी धेरै भएपछि मन्त्रालयको संख्या १३ पुऱ्याउने निर्णय गरेको थियो। मन्त्रालयको संख्या बढाउँदा मन्त्रालयको नाम समेत हेरफेर भएको थियो। चार दलीय गठबन्धनको सरकारमा राष्ट्रिय जनमोर्चा बाहेक तीन दल सहभागी छन्।

# बुटवलको पहिचान बढाउने अभियान सञ्चालन गर्न आग्रह

बुटवल, २० भदौ। (गौबुस)

रुपन्देहीको बुटवल उपमहानगरपालिकामा गठन भएको भाषा, साहित्य, कला, संस्कृति प्रतिष्ठानका पदाधिकारी र सदस्यहरुलाई सपथ ग्रहण गराइएको छ। भाषा, साहित्य, कला र संस्कृतिको उन्नयन र विकासका लागि स्थानीय तहबाट स्थानीय स्तरको प्रज्ञा प्रतिष्ठानको मोडलमा पालिकाले कानुन बनाएर गठन भएको यो मुलुककै पहिलो प्रतिष्ठान हो।

भाषा, साहित्य, कला र संस्कृति प्रतिष्ठान स्थापना र सञ्चालनका लागि बनाइएको ऐन बमोजिम उक्त प्रतिष्ठान गठन भएको थियो । उपमहानगरका प्रमुख एवं प्रतिष्ठानका प्रमुख संरक्षक शिवराज सुवेदीले आइतबार एक संक्षिप्त समारोहबीच प्रतिष्ठानका अध्यक्ष झपेन्द्र जिसीलाई सपथ ग्रहण गराएका थिए। त्यस्तै अध्यक्ष जिसीले पदाधिकारी र सदस्यहरुलाई सपथ ग्रहण गराएका थिए । सपथ ग्रहण गराएपछि संक्षिप्त शुभकामना व्यक्त गर्दै प्रमुख सुवेदीले बुटवलको पहिचान बढाउने खालको भाषा, साहित्य र सिर्जनाका कामलाई प्राथमिकतामा राखेर अभियान सञ्चालन गर्न जरुरी रहेको उल्लेख गरे।

राष्ट्रिय स्वाभिमानको जितगढी किल्लालाई केन्द्रमा राखेर समग्र बुटवलको पहिचान स्थापित गर्ने गरी साहित्य साधनाका काम अगाडि बढाउनुपर्ने बताउँदै प्रमुख सुवेदीले अभियानमा सबै क्षेत्र र पक्षलाई समेटेर अगाडि बढ्न आग्रह गरे।

उपप्रमुख तथा प्रतिष्ठानका संरक्षक गुमादेवी आचार्यले भाषा, साहित्य, कला र संस्कृतिको उन्नयन र विकासका लागि आ-आफ्नो प्रतिभालाई सदुपयोग गरेर असल नियतका साथ जिम्मेवारी बहन गर्दै अगाडि बढ्न आग्रह गरिन्।

प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद रेग्मी, वरिष्ठ अधिकृत भुवाप्रसाद लुइँटेल लगायतले प्रतिष्ठानलाई कार्ययोजना बनाएर प्रभावकारी र रचनात्मक अभियान सञ्चालन गर्न आग्रह गरे।

विज्ञ झपेन्द्रबहादुर जिसीको अध्यक्षतामा गठित प्रतिष्ठानको उपाध्यक्षमा लक्ष्मी गुरुङ, सचिवमा दलबहादुर गुरुङ र कोषाध्यक्षमा सीता ढुंगाना काफ्ले रहेका छन्।

प्रतिष्ठानका सदस्यहरुमा डा. शालिकराम पौडेल, इन्दिरा अर्याल, नारायण बहादुर थापा, चिरन बराल, कपिल ज्ञवाली, चौतारे थारु, रामचन्द्र श्रेष्ठ, फबिन्द्र थापा र बीरेन्द्र अग्रहरी रहेका छन्।

प्रतिष्ठानले कार्ययोजना बनाउने, मनोनित गर्ने, सल्लाहकार छनौट गर्ने र विद्वत् सभामा पेश गर्नेलगायतका काम गरिने अध्यक्ष जिसीले बताए।

प्रतिष्ठानको आइतबारै बसेको प्रथम बैठकले भाषा, साहित्य, कला र संस्कृतिको उन्नयन र विकासका लागि अभियान सञ्चालन गर्ने अवसर दिएको भन्दै उपमहानगरलाई आभार प्रकट गरेको छ। साथै आगामी १० महिने कार्ययोजना बनाउने समेत निर्णय गरेको सचिव दलबहादुर गुरुङले जानकारी दिए।

## Vacancy Announcement

A leading housing company which is constructing more than hundred units of Residential Houses at Siddharthanagar Bhairahawa of Rupandehi district announces vacancies for the posts stated below.

1. **Job Title: Store Keeper**
Number Required: 1 (One)
Minimum Academic Qualification: 10+2 Equivalent or Higher.
Experience: Experienced Candidate will be highly preferable.
Computer Skills: Sound Knowledge of MS Office Package (MS Excel and MS Word)
Additional Traits Expected: A hard working, self-motivated and a high result seeking person with Material & Store management skills along with sufficient social skills.
Salary: Negotiable
Other Incentives and facilities: As per the Company rules.
Mode of Selection: An In-depth Interaction.

2. **Job Title: Security Guard**
Number Required: 1 (One)
Minimum Academic Qualification: SLC or Equivalent
Experience: Experienced Candidate with Army or Police background will be highly preferable.
Additional Traits Expected: Sufficient Observation skills, Honesty & Integrity, Hardworking along with sufficient Social skills.
Salary: Negotiable
Other Incentives and facilities: As per the Company rules
Mode of Selection: An In-depth Interaction

Please feel comfortable to have additional information if any required.

Immediately Contact:
071-525547/9843175686/9849943268/9841488743
Email: bodhiholding076@gmail.com

## सम्पादकीय

# शेयर बजारमा चलखेल

शेयर बजारलाई नबुझ्नेहरु जुवासँग तुलना गर्छन् । नेपालका राजनीतिज्ञहरु शेयर बजारलाई राम्रोसँग बुझ्दैनन् । पढेलेखेका राजनीतिज्ञ पनि यसबारे सकारात्मक देखिदैनन् । पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईले जुवासँग तुलना गरेकै कारण उनको नेतृत्वको पालामा शेयर बजार सुस्ताएको थियो । पूर्व अर्थमन्त्री डा.युवराज खतिवडा पनि पूँजीबजारप्रति सकारात्मक थिएनन् । सरकारले पूँजीबजारबाट राम्रै राजस्व असुल्ने गरेको भए पनि यसलाई सकारात्मक हेर्ने काम भने कमै मात्र गर्ने गरेको छ । पूँजीबजारलाई अर्थतन्त्रको सूचकको रुपमा पनि लिइन्छ । भारतमा झण्डै पचास हजार अंकको वरिपरि रहेको स्टक एक्सचेन्ज नेपालमा भने ३ हजार पार गर्दा नगर्दै यसलाई घटाउने कोसिस भएको छ । ठूला लगानीकर्ताहरु साना लगानीकर्ताको भावनामा खेलवाड गरी बजारलाई तलमाथि गराउने र आफ्नो मात्र फाइदा हेर्ने गरेका हुन्छन् । यो नेपालमा मात्र होइन संसारभर हुने खेल हो । यस्तै खेलको चपेटामा परेर ३२ सय अंक पार गरेको शेयर बजारमा चार सय अंक ओरालो लागिसकेको छ । ढिलो गरी आएको मौद्रिक नीतिमा शेयर धितो राखी लिइने कर्जाको सीमा प्रति बैंक चार करोड रुपैयाँ र प्रतिव्यक्ति १२ करोड रुपैयाँ कायम गर्नासाथ बजारको ओरालो यात्रा सुरु भएको हो । आइतबार एकै दिन नेप्से सूचक १ सय ८ अंकले ओरालो लागेको छ ।

बजार तलमाथि हुनु स्वभाविक पनि हो । सधै बढिरहने वा सधैं घटिरहने स्वभाव पूँजी बजारमा हुँदैन । करिब एक वर्षको अवधिमा झण्डै २ हजार अंकले बढेको बजार आफ्नै गतिमा चलिरहेको थियो । तर मौद्रिक नीतिले शेयर कर्जा सीमा तोक्नासाथ बजारको घट्दो यात्रा सुरु भएको हो । मौद्रिक नीतिले शेयर कारोबारका लागि शेयर नै धितो राखेर लिइने कर्जाको सीमा मात्र तोकेको हो । यसले साना लगानीकर्तालाई खासै फरक पर्दैन । ठूला लगानीकर्ताले शेयर बजारलाई अस्वभाविक रुपमा घटाएर आफ्नो स्वार्थसिद्ध गर्न नियोजित रुपमा काम गरिरहेका छन् । नेपालमा सर्वसाधारण शेयर बजारप्रति आकर्षित गर्न जलविद्युत कम्पनीहरु र कम्तिमा १० कित्ता भए पनि धेरै जनालाई साधारण शेयरको बाँडफाँड गर्नुपर्ने नियमले काम गरेको हो । जलविद्युत कम्पनीहरुले आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई शेयर छुट्याउँदा शेयर बजारप्रति आम मानिसको रुची ह्वात्तै बढेको हो । अहिले करिब ४० लाख मानिसले शेयर भर्न चाहिने डिम्याट खाता खोलेका छन् । यो देशको जनसंख्याको झण्डै २० प्रतिशत हो । फस्टाउन लागेको शेयर बजारलाई दिगो र प्रभावकारी बनाउन राष्ट्र बैंकलगायत नियामक निकाय र सरकारले भूमिका खेल्नुपर्छ । छिमेकी भारतमा ५० हजार अंक आसपास रहेको नेप्से नेपालमा ३ हजार पार गर्दा डराउनुपर्ने अवस्था थिएन र, छैन । पूँजीबजारप्रति आम मानिसको रुची बढाउन अनर्गल प्रचारबाजी, नीतिगत उतारचढाव होइन, सकारात्मक दृष्टिकोण र दिगो नीतिको खाँचो छ । अनावश्यक चलखेल गर्नेहरुको पहिचान गरी त्यस्तालाई कारवाही गर्न जरुरी छ ।

# कोरोना महाव्याधिले सिकाएका केही असल पाठ



बैंक वित्तीय संस्थाहरूमा अहिले डिजिटल प्रविधिको राम्रै विकास भएको देखिन्छ भने कोरोना महामारीका पनि बैंक वित्तीय क्षेत्रले भुक्तानी प्रणालीलाई राम्रै गती दिए । तर, बजार सोहीअनुरूप डिजिटल प्रणालीमा गई नसकेकाले अपेक्षाकृत गति लिएको छैन ।

- कृष्ण प्रधान

कोरोना महाव्याधि (कोभिड १९) ले विगत २ वर्षदेखि विश्व आतंकित र त्रस्त मात्र होइन, भयभीत पनि छ । विश्वभर यसले करोडौंको ज्यान लिइसकेको छ भने हाम्रै देश नेपालमा पनि विगत १५ महिनाकै अवधिमा १० हजार ५८८ (भदौ ७, २०७८ सम्म) नागरिकले यो व्याधिबाट ज्यान गुमाउन पुगे । अहिले पुनः तेस्रो लहर आउन थालेको संकेत देखिएका छन् भने अक्टोबरतिर यसको तेस्रो लहरले भारतीय क्षेत्रमा सताउने प्रक्षेपण भइरहेका बेला नेपालमा पनि त्यसको असर नपर्ला भन्न सकिँदैन । किनभने विगत दुईओटा लहरबाट नेपालमा त्यसको असर देखिएकै हो । हाल निषेधाज्ञा एकदमै खुकुलिएको अवस्था छ भने अर्कातिर जनमानसले कोरोना व्याधिलाई खासै टेरेको पनि देखिएन । बन्दाबन्दी लामो समयसम्म रहिरहँदा अर्ततन्त्रमा पर्ने बहुआयामिक प्रभाव त हामीले कोरोनाकालीन समयमा भोगैकै हो । अझै त्यसको असर अर्थतन्त्रमा परिरहेकै छ र त्यो आगामी कति समयसम्म जान्छ यसै भन्न सकिएको छैन । पहिले बन्दाबन्दी नगर्ने देशहरूले अहिले बन्दाबन्दी गर्न थालेका छन् । खोपको दोस्रो मात्रा लगाइसकेकालाई पनि कोरोनाका नयाँनयाँ व्युत्पत्तिले सताउन थालेकाले विकसित देशहरूले अब तेस्रो खोप (बुस्टर डोज) लगाउने तयारी गर्दै छन् । नेपाल पनि अहिले खोपकै तयारीमा जुटेको छ । हाल करीब १८ प्रतिशतले दुवै मात्रा खोप लगाइसकेका छन् भने गठबन्धनको सरकारले आगामी चैतसम्ममा सबै नागरिकलाई खोप लगाउने कार्यक्रम सार्वजनिक गरिसकेको छ । यो राम्रो कुरा हो ।

त्यसो त मानिसले यस्तै व्याधिहरूबाट हो । जीवनलाई कसरी चलायमान बनाएर लैजान सकिन्छ भन्ने कुराको ज्ञान लिने वा पाठ सिक्ने । पहिले बन्दाबन्दी नै एक मात्र उपाय ठानिन्थ्यो । तर, लामो समयसम्म गरिएको बन्दाबन्दीले अर्थतन्त्र नै धराशयी बनेकाले अहिले त्यस मोडालिटीलाई केही परिवर्तन गरिएको देखिन्छ । यसलाई सभ्य भाषामा 'स्मार्ट लकडाउन' भनेर चिनाउन थालिएको छ । अहिले मानिसले कोरोना संकटबाट नयाँनयाँ पाठ पनि सिकेका छन् भने प्रविधिको प्रयोग गरेर हाम्रो जीवनयापन र बसउठलाई नै परिवर्तन गरेका पनि छन् । खासमा कोरोना बढी भीडभाड र मानिसहरूको बसउठ र जीवनयापनका शैलीहरूबाटै फैलिँदो रहेछ भन्ने कुराको पुष्टि भएको हुँदा अब यसका साथसाथै हाम्रो अर्थतन्त्रलाई कसरी चलायमान बनाउने र हाम्रो जीवनयापनका मोडालिटीलाई कसरी परिवर्तन गरेर यो व्याधिसितै बाँच्ने कलाहरू सिक्ने मात्र यसको विकल्प देखिएको छ ।

कोरोनाको विपद् कस्तोसम्म हुँदोरहेछ भन्ने कुरा संसारले भोगिसकेको छ, आँखैले देखिसकेको छ र त्यसको पीडालाई पनि आत्मसात् गरिसकेको छ । तर, धेरै आफन्त गुमाउनेहरूलाई र अस्पतालको महँगो खर्च भोगेका र भेन्टिलेटरमा बस्नेहरूलाई मात्र त्यसको वास्तविक पीडा थाहा होला नत्र सार्वजनिक यातायातहरूमा भीडभाड गरेर यात्रा गर्नेहरू र त्यहाँ सामान्य मास्कसमेत लगाएर यात्रा नगर्नेहरूलाई भने यसको पीडा पक्कै थाहा नहुनसक्छ । यो विपद्ले धेरै पीडा, त्रास र भय त दिएकै हो, दिइरहेकै छ तथापि यस विपद्बाट हामीले केही असल कुराहरू पनि सिकेका छौं, पाठस्वरूप । यस आलेखमा तिनै असल कुराहरूको संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ । आखिर हामीले सधैं नराम्रा कुरा मात्र लिएर, बोकेर पनि जीवनको गतिलाई अगाडि बढाउन सकिँदैन नै ।

कोराना विपद्ले सिकाएको पहिलो पाठ हो, साबुन पानीले हात धुने, साबुन पानी नभएमा स्यानिटाइजरको प्रयोग गर्ने र मास्क लगाउने बानीको विकास । हेर्दा सामान्यजस्तो लागे पनि यति मात्र गर्न सकिँदा विज्ञहरूका अनुसार कोरोना महामारीबाट करीब ७५ प्रतिशतको जोखिम कम हुन्छ । यसका साथै भीडभाडबाट स्वयम्लाई अलग राख्ने वा अति आवश्यक काम नपरी त्यस्तो भीडमा नजाने बानी बसाल्ने अर्थात् जानै पर्दा त्यस्तोमा भौतिक दूरीको पालन गर्ने । पहिलो पाठ त अहिले हाम्रो जीवनशैली नै बनेको देखिन्छ । दोस्रो पाठ भने हामीले अझै लिन सकिरहेका छैनौं । खास गरेर, राजनीतिक दलहरूले नै यसको पालना गरेका छैनन् । सरकारी कार्यालयका सेवाप्रवाह (जस्तै यातायात कार्यालय, मालपोत, खोप प्रमाणीकरण केन्द्रहरू) होस् वा खोपकै परिचालनमा पनि खोप केन्द्रमा हुने भीडको व्यवस्थापन चुकिराखेकै देखिन्छ । सरकारबाट प्रदान गर्ने सेवाहरूलाई डिजिटल माध्यमबाट गर्नेतर्फ सरकार चुकिराखेकै छ ।

बैंक वित्तीय संस्थाहरूमा अहिले डिजिटल प्रविधिको राम्रै विकास भएको देखिन्छ भने कोरोना महामारीका पनि बैंक वित्तीय क्षेत्रले भुक्तानी प्रणालीलाई राम्रै गति दिए । तर, बजार सोहीअनुरूप डिजिटल प्रणालीमा गई नसकेकाले र सरकारी चासो पनि त्यतापट्टिको विकास गर्नमा खासै बढ्न नसकेकाले अझै पनि बजारमा भुक्तानीका लागि नगदकै वर्चस्व देखिन्छ । धेरै जनमानसका हातहातबाट गुज्रने बैंक नोटहरूबाट पनि भाइरस विस्तार हुनसक्छ भन्ने चेतना बढ्नु अर्को उपलब्धि हो । त्यसैगरी अर्को पाठ हो, सूचनाप्रविधिमा आधारित शिक्षण संस्थाहरूमा पठनपाठनको थालनी र विस्तार । तर, यसका लागि सरकारले उपलब्ध गर्ने इन्टरनेटको सुविधा, गुणस्तर र पहुँच भने स्तरीय र सबैका लागि भरपर्दो, सुलभ र सस्तो बनाउन सकेन । यसैगरी, कार्यालयको काममा वर्किङ फ्रम होमको अवधारणा आउनु र त्यसबाट पनि कार्यालयको काम फत्य गर्न सकिन्छ भन्ने उदाहरण पस्कनु अर्को राम्रो पाठ हो, कोरोना विपद्को । खासगरेर बैंकहरूले यो अवधारणामा काम गरे ।

तर, जति बढी डिजिटल प्रणाली अवलम्बन गरिन्छ उति नै त्यसमा जोखिम पनि बढ्ने हुँदा राम्रो सूचनाप्रविधि, सफ्टवेर र साइबर सुरक्षा प्रणाली अवलम्बन गरेका बैंकहरू (जस्तै : नेपालमा स्ट्यान्डर्ड चार्टर्ड) ले त्यसमा लगानी पनि सोहीअनुरूप गरिरहेका देखिन्छन् । त्यस्तो प्रविधिले बैंकहरूको कारोबार सुरक्षित बनाएको देखिन्छ । बैंकहरू प्नि भीडभाड हुने स्थान नै भएकाले कोरोनाकालीन संकटले त्यस्तो भीड कम गर्न पक्कै पनि विभिन्न विकल्पको खोजीमा तिनलाई धकेलेकै हो । अहिले डिजिटल भुक्तानीमा निकै राम्रो प्रगति भएको छ । सरकारले यस्तो प्रणालीमा नागरिकलाई थप अभ्यस्त र प्रोत्साहित गरिराख्न उसले तिरेको भ्याट रकम र करको केही अंश उसैले फिर्ता पाउने गरी उसकै बैंक खातामा जम्मा हुने व्यवस्था गर्न सक्छ । प्रविधिकै विकासका कारण अहिले घरैबाट शेयरको कारोबार गर्न सकिन्छ, त्यो अर्को पाठ हो कोरोनाको । अर्थात् कोरोना सँगसँगै अघि बढ्ने हो भने सरकारले सूचना र प्रविधिको विकासमा धेरै ठूलो लगानी गर्नुपर्छ भने त्यसको सुलभताप्रति पनि ध्यान दिनुपर्छ भन्ने पाठ यसले सिकाएको छ ।

कोरोना विपद्ले सिकाएको अर्को मननीय पाठ भने अचम्मको छ । त्यो हो, अब हामीले हाम्रो संस्कार, चाडबाड, पर्व, उत्सव, बिहेबारी, जन्मोत्सव, पास्नी, व्रतबन्ध, कुल पूजा, देवाली, जात्रा संस्कार आदि मनाउँदा विशेष ध्यान दिएनौं वा त्यसको मोडालिटीमा परिवर्तन खोजेनौं भने त्यसले निकै ठूलो मानवीय क्षति गर्दोरहेछ भन्ने कुराको पाठ । त्यसबाहेक अहिले कोरोनाकै कारण आफन्त जनबीचको भेटघाटमा कमी त आएकै छ । यस्ता कुराहरूमा हुने अर्बौंको धन राशीको पनि बचत भएकै हुनुपर्छ । भौतिक भेटघाटमा कमी आए पनि भर्च्युअल माध्यमबाट त्यस्ता भेटघाट बाक्लिएकाले त्यस्ता प्रविधि चलाएर बस्नेहरूको र सरकारकै आय पनि पक्कै बढेको देखिन्छ । गएको २ वर्षमा शेयर कारोबारबाट हुने करको माध्यमले सरकारले कहिल्यै नसोचेको आय गरेकै हो । हाम्रा धार्मिक मठमन्दिरहरूको आयमा कमी आएको होला । तर, भर्चूयुअल विधिबाट पनि केही धार्मिक अनुष्ठानहरू ( जस्तै : श्राद्ध कर्म आदि) सम्पन्न भएकै छन् । यही विधिले निजी विद्यालयहरूले पनि आफ्नो आय बटुलेकै छन् । तर, सरकारी शिक्षण संस्थाहरूमा भने तिनका झैं पाठ सिक्न अझै समय लाग्ने हो कि ? भन्ने देखिएको छ ।

अन्त्यमा, कोरोना विपद्बाट यीबाहेक अरू पनि धेरै सकारात्मक पाठहरू मानव जगत्ले सिकिरहेको छ ( जस्तै : ईकमर्शको विकास) र सिक्ने पनि होला । त्यसमध्ये सबैभन्दा ठूलो पाठचाहिँ हाल विगतमा सरकारी क्षेत्र र विभिन्न संस्थानहरूले आफ्ना अधिकारीहरूलाई विदेशका सभा, सम्मेलन, तालीम, भ्रमण र अवलोकनमा पठाउँदा हुने खर्चचाहिँ गजबैले बचत हुँदोरहेछ वा गर्न सकिन्छ भन्ने पाठ नै हो । ती कार्य त जुमिनार र वेबिनारबाट पनि सम्पन्न गर्न सकिँदा रहेछन् भन्ने कुरा सरकारले र सरोकारवालाहरूले कोरोना काल गए पनि सिकिरहनु पर्ने पाठ हो ।

■■■

# कृष्णराधा सज्जा प्रतियोगिताका विजेतालाई पुरस्कार वितरण

भैरहवा, २० भदौ । (गौबुस)

लायन्स क्लब अफ भैरहवा गौतमबुद्धको आयोजनामा कृष्णराधा सज्जा प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगिताका विजेतालाई शनिबार एक कार्यक्रमकाबीच क्लबले नगदसहित प्रमाणपत्रद्वारा पुरस्कृत गरेको हो ।

७६ जना बालबालिकाको सहभागिता रहेको प्रतियोगितामा दिव्यान श्रेष्ठ प्रथम, अभ्या यादव द्वितीय र साक्षी उपाध्याय तृतीय भएको कार्यक्रम संयोजक गोविन्द प्रसाद गुप्ताले बताए । कार्यक्रममा सहभागि बालबालिकालाई पनि प्रमाणपत्र प्रदान गरिएको कार्यक्रम संयोजक कृपा श्रेष्ठले बताइन् ।

कृष्ण जन्माष्टमीको अवसर पारेर कृष्णराधा सज्जा प्रतियोगिताको आयोजना गरिएको क्लबका संस्थापक अध्यक्ष पिन्टु बनियाले बताए । अध्यक्ष बनियाका अनुसार १० वर्ष उमेरसम्मका बालबालिकाले भाग लिएको उक्त प्रतियोगितामा कृष्ण वा राधाको भुषभुषामा सजिएको तस्विर फेसबुक पेजमा राख्न वा वाटसप्मा पठाउन आग्रह गरिएको थियो । सोही आधारमा तस्विरको बढी लाइक, शेयर र पोष्टको आधारमा विजेता घोषणा गरिएको उनले बताए । प्रतियोगितामा सहभागि हुन दर्ता शुल्क नलिइएको उनले जानकारी दिए ।

कृष्णराधा सज्जा प्रतियोगिता-२०७८ पुरस्कार वितरण समारोहमा बोल्दै प्रमुख अतिथि लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ बी २ नेपालका सेकेण्ड भाइस डिष्ट्रिक गभर्नर नवराज न्यौपानेले स्थापनाकालदेखि नै लायन्स क्लब अफ भैरहवा गौतमबुद्धले रचनात्मक कार्य गर्दै आएको बताए । उनले आगामी दिनमा पनि सामाजिक कार्यहरुलाई निरन्तरता दिन आग्रह गरे ।

लायन्स क्लब अफ सिद्धार्थनगर गौतमबुद्धका निवर्तमान अध्यक्ष अरुण कुमार मिश्रले बालबालिकाहरुलाई कृष्णराधा सज्जा प्रतियोगितामा सहभागि गराउने अभिभावकहरु पनि धन्यवादको पात्र भएको बताए । उनले लायन्स भैरहवा गौतमबुद्धले बालबालिकाहरुलाई प्रोत्साहन गर्ने खालको कार्यक्रम गरेको बताए ।

लायन्स क्लब अफ सिद्धार्थनगर गौतमबुद्धका संस्थापक सचिव रविकान्त उपाध्यायले कोरोना संक्रमणको जोखिमका कारण चाडपर्वहरु भव्य रुपमा मनाउन सक्ने अवस्था नरहेको बेला क्लबले चाडपर्वको संरक्षणमा टेवा पुर्याउने कार्य गरेको बताए । उनले कृष्णराधा सज्जा प्रतियोगिता सफल भएको बताए ।

लायन्स भैरहवा गौतमबुद्धका संस्थापक अध्यक्ष पिन्टु बनियाको अध्यक्षता, कार्यक्रम संयोजक कृपा श्रेष्ठको स्वागत, क्लबका सदस्य निसार खानको स्वागत तथा सचिव दुर्गा कान्दुको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

लायन्स क्लब अफ भैरहवा गौतमबुद्ध लायन्स क्लब अफ सिद्धार्थनगर गौतमबुद्धको स्पोन्सरमा स्थापना भएको लायन्स सिद्धार्थनगर गौतमबुद्धका तृतीय उपाध्यक्ष राजन शुक्लाले जानकारी दिए ।

# शुद्धोधनमा क्यान्सर सचेतना र पौष्टिक आहार वितरण

बुटवल, २० भदौ । (गौबुस)

रुपन्देहीको शुद्धोधन गाउंपालिकाको खड्गवनगाईमा बालबालिकामा हुन सक्ने क्यान्सर रोगसम्बन्धी सचेतना र पौष्टिक आहार वितरण कार्यक्रम सम्पन्न भएको छ । लायन्स क्लब अफ बुटवल पारिजातको आयोजना तथा लायन्स क्लब अफ बुटवल देउराली र लायन्स क्लब अफ बुटवल कालिकाको सह-आयोजनामा भएको कार्यक्रममा ७० जना बालबालिकाको स्वास्थ्य परीक्षण गरी परामर्श दिइएको छ । साथै विपन्न वर्गका बालबालिकालाई पौष्टिक आहार पनि वितरण गरिएको छ ।

कार्यक्रममा लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ बी २ नेपालका पूर्व गभर्नर महेन्द्रनारायण श्रेष्ठ, शुद्धोधन गाउँपालिका उपाध्यक्ष शान्ता देवी ज्ञवाली, वडा नम्बर २ का अध्यक्ष विष्णुप्रसाद बस्याल, लायन्स क्लबका डिष्ट्रिक्ट चिफ एड्भाइजर उमंग देवकोटा, लायन्स क्लब अफ बुटवल देउरालीका अध्यक्ष ज्ञानप्रसाद पौडेलले सामाजिक सेवा र स्वास्थ्य क्षेत्रमा लायन्स क्लबहरुले योगदान गरेको भन्दै यसबाट लाभ लिनुपर्ने धारणा गरेका थिए ।

लायन्स क्लब अफ बुटवल पारिजातकी अध्यक्ष मधुकला कुंवरको अध्यक्षता, रिता भट्टराईको सञ्चालन, कल्पना बस्नेत थापाको स्वागत र लायन्स क्लब अफ बुटवल देउरालीका प्रथम उपाध्यक्ष रमेश पान्डेको धन्यवाद ज्ञापनमा कार्यक्रम सम्पन्न भएको थियो ।

## उद्योग व्यापार संघको वार्षिक कार्ययोजना कार्यशाला

# सामूहिक लगानीमा कृषि उद्यम सुरु गर्ने निर्णय

**गौतमबुद्ध सन्देश**

बुटवल, २० भदौ ।

उद्योग व्यापार संघ बुटवलको वार्षिक कार्ययोजना कार्यशाला गोष्ठी सम्पन्न भएको छ । कपिलवस्तुको वाणगंगा-३ राजापानीमा सम्पन्न दुईदिने कार्यशाला गोष्ठीले स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सामूहिक लगानीमा कृषिमा आधारित उत्पादनमूलक उद्यम शुरु गर्ने लगायतका योजनाहरु पारित गरेको छ।

त्यस्तै संघको सचिवालयका लागि जग्गा प्राप्ति र भवन निर्माणको तयारी, सदस्यता वृद्धि, आजीवन सदस्यता वितरण, महिला उद्योगी-व्यवसायीलाई सीपमूलक तालीम दिने योजना पारित गरेको छ। त्यस्तै औद्योगिक प्रदर्शनी तथा सांस्कृतिक महोत्सवको तयारी, संघमा आवद्ध उद्योगी व्यवसायीलाई कोरोनाविरुद्धको खोप लगाउने कार्यलाई निरन्तरता तथा कोरोना नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम गर्ने योजना पारित भएको छ। त्यसै गरी मौद्रिक नीति, राजस्व, भन्सार, आयकर सम्बन्धी गोष्ठी र सेमिनार गरी उद्योगी व्यवसायीलाई जानकारी गराउने योजना पनि पारित भएको छ।

त्यस्तै आर्थिक क्षेत्रमा कलम चलाउने पत्रकार मध्येबाट हरेक दुई वर्षमा एक-जना पत्रकारलाई आर्थिक पत्रकारिता पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ । त्यस्तै प्राकृतिक विपद्बाट पीडित तथा अतिविपन्न, अनाथ, अपांगता भएका व्यक्तिलाई राहत र सहयोग प्रदान गर्ने योजना पनि संघले पारित गरेको छ।

कार्यशाला गोष्ठीमा प्रशिक्षणमूलक मन्तव्य राख्दै नेपाल राष्ट्रिय उद्योग व्यापार संगठनका केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश महासचिव खिमनारायण पराजुलीले देशको अर्थतन्त्रको मेरुदण्ड उद्योगी व्यवसायी नै भएको उल्लेख गर्दै संघले स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि नेतृत्वदायी भूमिका खेल्नुपर्नेमा जोड दिए।

संगठनका केन्द्रीय सदस्य एवं संघका पुर्व अध्यक्ष खेम श्रीसले परनिर्भर र आयातमुखी व्यापारलाई निर्यातमुखी बनाउनेतर्फ संघको ध्यान केन्द्रीत हुनुपर्नेमा जोड दिए । संघका निवर्तमान अध्यक्ष प्रविण बहादुर पाठकले राज्यलाई कर तिरेर योगदान दिने उद्योगी व्यवसायीका समस्या र मागप्रति सरकारी निकायले बेवास्ता गरेकाले दवाव दिनुपर्ने धारणा राखेका थिए।

संघका अध्यक्ष गोबिन्दप्रसाद गैरेले अघिल्लो कार्यसमितिले अघि सारेका अधुरा कार्यलाई निरन्तरता दिँदै कार्याला गोष्ठीले पारित गरेका योजनाहरु पूर्णरुपमा कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरे । कार्यशालामा उद्योग उपाध्यक्ष विष्णुप्रसाद पाण्डे, वाणिज्य उपाध्यक्ष लोकनाथ पन्थी, महासचिव पदम जीसी, सचिव यमलाल मरासिनी, सह-कोषाध्यक्ष नम्रता थापा, गोष्ठी संयोजक जनेश पन्थीले आ-आफ्ना धारणा राख्दै उद्योगी व्यवसायीका समस्या र सुख दुखमा साथ दिँदै संघलाई साना, मझौला र ठूला सबैखाले उद्योगी ,व्यवसायीको साझा र नेतृत्वदायी संस्था बनाउनुपर्ने प्रतिवद्धता जनाएका थिए । संघमा हाल ६ सय उद्योगी व्यवसायी आवद्ध छन् । कार्यशाला गोष्ठीपछि संघले बाणगंगाा लखनपरास्थित लुम्बिनी बहुउद्देश्यीय एग्रो फार्मको अवलोकन समेत गरेको थियो।

# भूमिकास्थान नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

*Website: bhumikasthanmun.gov.np*
*E-mail: bhumikasthanmunicipality@gmail.com*

## सिलवन्दी दरभाउपत्र आह्वान

*प्रथम पटक प्रकाशित मिति २०७८/०५/२१*

भुमिकास्थान नगरपालिका, नगर कार्यपालिका, अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमका निर्माण कार्यको सिलवन्दी दरभाउपत्र द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. सिलबन्दी बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजात तालिकामा उल्लेखित मितिसम्म आ.व.२०७८/०७९ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्र/दरभाउपत्रदाताले लिखित निवेदन दिई तपसिलमा उल्लेखित रकम यस कार्यालयको नुवाकोट स्थित सेञ्चुरी वैक हि.नं.०९०००००१३ जि.ईखातामा नगद जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद सहित यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२. खरिद भएको बोलपत्र/दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग लेखि तालिकामा उल्लेखित मिति र समयसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका बोलपत्र/दरभाउपत्रहरु उपस्थित बोलपत्र/दरभाउपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा निम्नानुसारको मिति र समयमा खोलिनेछ।

३. सिलबन्दी बोलपत्र/दरभाउपत्रफाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको नुवाकोट स्थित सेञ्चुरी वैक हि.नं.०९००००००४ जि.इ खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको विडवण्ड बोलपत्र/दरभाउपत्र निम्नानुसारको म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ।

४. सिलबन्दी बोलपत्र/दरभाउपत्रखरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ।

५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ।

६. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६९७९६/९८५७०६९८९मा सम्पर्क गर्न वा bhumikasthanmunicipality@gmail.comमा पठाउन सकिनेछ।

७. कामको विवरण बोलपत्र/दरभाउपत्र खरिद दस्तुर, लागत रकम, विडवण्ड रकम, मान्य अवधि, खरिद र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्न अनुसार छ।

**तपसिल**

| ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र/ दरभाउपत्र दस्तुर रु. | लागत रकम (मू.अ.कर बाहेक) | विडबण्ड रकम रु. | विडबण्ड मान्य अवधि | खरिद अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| 12/BMA/W/RM/2078/079 | फलामखिल्ली लामाखर्क फुलबारी मोटरबाटो सुधार विस्तार | १०००.०० | ४८७४३४.३१ | १२५०० | ७५ दिन | २०७८/६/४ कार्यालय समय भित्र | २०७८/६/५ १२:००बजे भित्र | २०७८/६/५ दिउँसो १:००बजे |
| 13/BMA/W/WA/2078/079 | आधारभूत स्वास्थ्य केन्द्र माथि वाल निर्माण, वडा नं. ३ | १०००.०० | ४८७४६१.४६ | १२५०० | | | | |
| 14/BMA/W/WA/2078/079 | खिल्जी स्वास्थ्य चौकी नजिक वाल निर्माण | १०००.०० | ९७४५९७.८३ | २४५०० | | | | |
| 15/BMA/W/RM/2078/079 | नुवाकोट बरानेटा मोटरबाटो मर्मत कार्य | १०००.०० | १२६७४८९.३९ | ३२००० | | | | |

## होटल शाक्य मुनीको प्रारम्भिक वातावरणीय परीक्षणका लागि सार्वजनिक सुनुवाइ सम्बन्धी सूचना

प्रस्तुत विषयमा श्री होटल शाक्य मुनी प्रा.लि. द्वारा लुम्बिनी प्रदेश, रूपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक नगरपालिका, वडा नं. ९, पिपरामा होटल शाक्य मुनीको निर्माण तथा सञ्चालनको प्रारम्भिक वातावरणीय परीक्षण अन्तर्गत सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नुपर्ने भएकाले निम्न स्थान, मिति र समयमा उपस्थित भई आफ्ना राय, सल्लाह, सुझाव दिनुहुन सम्बन्धित सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्तावक** : होटल शाक्य मुनी प्रा.लि.
**स्थान** : प्रस्तावित होटल शाक्य मुनीको परिसर, सांस्कृतिक नगरपालिका, वडा नं. ९, पिपरा
**मिति** : २०७८।०५।२४, बिहिबार
**समय** : बिहान ८:०० बजे
**प्रभाव पर्न सक्ने स्थान** : सांस्कृतिक नगरपालिका, वडा नं. ९, पिपरा

## मालपोत कार्यलय चन्द्रौटा कपिलवस्तु
## हकदावी सम्बन्धि ३५ दिने सूचना

जिल्ला कपिलवस्तु साविक महाराजगंज गा.वि.स वडा न.४ हाल महाराजगंज नगरपालिका वडा न.७ बस्ने अब्दुल वदुद मियाले ज.ध मदिना निसा मुसलवानको मिति २०७३/१/५ मा मृत्यु भएको निजको मृत्यु पछि हक अशं खाने नजिकको हकदार पनि जैतुल्लाह मुसलवान विगत १२ वर्ष देखि बेपता रहेको खोजतलास गर्दा हाल सम्म फेला नपरी सम्पर्कमा नभएको। निज दम्पतिबाट कुनै पनि छोराछोरी जाय जन्म नभएको। मृतक ज.ध मदिना निसा मुसलवानको छोरा छोरी देवर जेठाजु सासु ससुरा र अन्य तिन पुस्ता भित्रको हकवाला कोही नभएको हुदाँ देवानी संहिता २०७४ को दफा ४३३ बमोजिम सेवा सम्भार र काज क्रिया समेत गरे बापत निज मृतक ज.ध मदिना निसा मुसलवानको नाममा दर्ता श्रेस्ता कायम गरेको जिल्ला कपिलवस्तु शिवानगर गा.वि.स वडा नं.८ क कि. नं. १०४१ को तपसिल अनुसारको जग्गा मेरो नाममा एकलौटी नामसारी गरी पाँउ भनि यस कार्यलयमा निवेदन दिएको र तपसिलमा उल्लेखित कि.न. क्षेत्रफलको जग्गा निवेदकको नाममा एकलौटी नामसारी गरी दिदा कसैको हक भोग लाग्ने भए। यो सूचना प्रकाशित भएको मिति ३५ दिन भित्र सबुद प्रमाण सहित यस कार्यलयमा लिखित उजुरी गर्न आउनु होला। अन्यथा कानून बमोजिम भई जाने ब्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| क्र.स | ग.वि.स | वाड नं. | कि.न | क्षेत्रफल | दर्तावाला ज.ध | निवेदक |
|---|---|---|---|---|---|---|
| १ | शिवानगर | ८क | १०४१ | ०-०-२ १/२ | मदिना निसा म'सलवान | अब्दुल वदुद मिया |

## नाम परिवर्तन सम्बन्धी सूचना

नमस्ते मेडिसप एण्ड हेल्थ केयर प्रा.लि.को नामबाट बुटबल-९ तिनकुनेबाट संचालन हुदै आएको यस संस्थाको नाम परिवर्तन भई खनाल हेल्थ केयर प्रा.लि.को नामबाट बुटबल-६ ट्राफिकचोकबाट सञ्चालन हुने व्यहोरा सम्बन्धीत सम्पूर्णमा जानकारी गराइन्छ।

**अन्य जानकारी**:

**दर्ता नं.**: २००१८२/०७५/०७६
**एकल सेयरधनी**: रमेश खनाल
**सम्पर्क नं.**: ९८५१२४२७८०

Invitation for Bids

# मालारानी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची

## सिलवन्दी बोलपत्र आह्वान

*प्रथम पटक प्रकाशितमिति२०७८/०५/२१*

मालारानी गाउँपालिका, गाउँकार्यपालिका, खनदह अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमको तल उललेखित बिभिन्न निर्माणको कार्यको लागि सिलवन्दी दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक निर्माण व्यवसायिककर्ताहरु बाट निम्नशर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र मार्फत आह्वान गरिन्छ।

१. शिलबन्दी दरभाउपत्र दस्तुर रु १०००।०० एकहजार (फिर्तानहुने गरी) यस कार्यालयको मेघा बैंक खनदह शाखामा रहेको आन्तरिक राजश्व हि.नं.००४००१०११९७४३ मा जम्मा गरेको भौचर सहित आ.व.२०७८/०७९ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनीदर्ताको प्रमाण पत्र, व्यावसाय दर्ताको इजाजत र मू.अ. करमादर्ता भएको प्रमाणपत्र तथाआ.व.२०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्यादथप पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी मिति २०७८/०६/०४ गते कार्यालय समय सम्म मालारानी गाउपालिकाको कार्यालय बाट शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ।

२. शिलबन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग भरी मिति २०७८/०६/०५ गते दिउसो १२.०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ। दर्ता भएका शिलबन्दी दरभाउपत्र मिति २०७८/०६/०५ गते दिनको १:०० बजे कार्यालयका प्रतिनिधि, बोलपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छ। शिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनधिहरुउ पस्थित नभएमा पनि शिलबन्दि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

३. शिलबन्दी दरभाउपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको खनदह स्थित मेघा बैंक ००४००१००८२२४३ खातामा नगद जम्मा गरेको भौचर वा यस कार्यालयको नाममाजारी भएको बैक जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि ७५ दिनसम्मको म्याद भएको) संलग्नगर्नु पर्ने छ।

४. शिलबन्दी दरभाउपत्रखरिद गर्ने/दर्ता गर्ने अन्तिमदिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिनहुनेछ।

५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ। साथै शिलबन्दी दरभाउपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहित रहेन छ।

६. बोलपत्र सम्बन्धी अन्य जानकारी लिनु परेमा कार्यालय समय भित्र ९८५७०२३६२९/ ९८५७०६१४७२/ ९८५७०६६४३२ मा सम्पर्क गर्न वा malaraniruralmun@gmail.com/hariji629@gmail.comमा पठाउन सकिनेछ।

७. दरभाउपत्र खरिद दस्तुर, लागत रकम र विडवण्ड रकमको विवरण निम्नअनुसार छ।

तपसिल

| ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दस्तुर रु. | विडबण्डवा धरौटी रकम रु. | इस्टिमेट अंक भ्याट बाहेक | विडबण्ड मान्य अवधि | खरिदगर्ने अन्तिममितिरसमय | दाखिलागर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| SQ/CON/MRM/ STP/ 13/2078/079 | गिद्धपोखरि गडि सम्म पदमार्ग निर्माण कायमालारानी- ३ | १०००.०० | २५५००.०० | ८८५०३४.८८ | ७५ दिन | २०७८/०६/०४ दिनको ५ बजे सम्म | २०७८/०६/०५ दिनको १२ बजे सम्म | २०७८/०६/०५ दिनको १ बजे सम्म |
| SQ/CON/ MRM /RW/ 14/2078/ 079 | नरसिंहस्थान मन्दिर प'ननिर्माणको लागि वाल निर्माण गर्ने कार्य मालारानी- ६ | १०००.०० | २५५००.०० | ८८५०१४.०७ | ७५ दिन | २०७८/०६/०४ दिनको ५ बजे सम्म | २०७८/०६/०५ दिनको १२ बजे सम्म | २०७८/०६/०५ दिनको १ बजे सम्म |
| SQ/CON/ MRM /TB/ 15/2078/ 079 | गहतेरा भलुवाकुना ट्रस बृज निर्माण कार्यको लागिफलामे सामाग्रीखरिद तथा सप्लाई गर्ने कार्य मालारानी - २ | १०००.०० | ३४०००.०० | ११,५४,४३२.८३ | ७५ दिन | २०७८/०६/०४ दिनको ५ बजे सम्म | २०७८/०६/०५ दिनका १२ बजे सम्म | २०७८/०६/०५ दिनको १ बजे सम्म |
| SQ/CON/ MRM /SI/ 16/2078/ 079 | नविकरणिय उर्जा प्रबिधि जडाको लागि प्रमुख प्रशासकिय भवनमा सोलर, बिधुत ईवटर जडान - मालारानी गाउपालिका | १०००.०० | २२५००.०० | भ्याट लाग्ने रु४०३४१५.९३ र भ्याट नलाग्ने रु ४४१००।०० गरि जम्मा रु भ्याट सहित१००२५०।०० | ७५ दिन | २०७८/०६/०४ दिनको ५ बजे सम्म | २०७८/०६/०५ दिनका १२ बजे सम्म | २०७८/०६/०५ दिनको १ बजे सम्म |

रमेश पन्थी (प्रमुख प्रशासकिय अधिकृत)

क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

# ग्रामीण क्षेत्रका विद्यार्थीहरुलाई रेडियो सहयोग

भैरहवा, २० भदौ। (गौबुस)

लायन्स क्लब अफ बुटवल सनसाईनले जिल्लाको ग्रामीण क्षेत्रका विद्यार्थीहरुलाई पठनपाठनमा सहज होस् भन्ने उद्देश्यले आवश्यक सामग्री रेडियो सहयोग गरेको छ। पश्चिम पहुनी माध्यामिक विद्यालयका ४२ जना विद्यार्थीहरुलाई एक/एक सेट रेडियो प्रदान गरिएको बुटवल सनसाईनको अध्यक्ष आरती खरालले बताइन्। उनले भनिन्,'कोरोना महामारीको कारण भौतिक रुपमा उपस्थित भएर विद्यालयले पठनपाठन सञ्चालन गर्न सकेको छैन । यस्तो अवस्थामा ल्यापटप तथा मोबाइलमार्फत अनलाइन कक्षा पनि लिन असमर्थ भएका विद्यार्थीहरुको लागि रिड नेपालले रेडियो शिक्षा कार्यक्रम चलाएको रहेछ। विपन्न परिवारका धेरै विद्यार्थीले रेडियो समेत किन्न नसक्दा उक्त शिक्षा लिन पनि वञ्चित भएको खबर पाएसँगै हामीले रेडियो किनेर विद्यार्थीलाई वितरण गरेका हौं।'

रेडियो पाएसँगै कक्षा ४ देखि कक्षा ८ सम्म उक्त विद्यालयमा अध्ययनरत ४२ जना विद्यार्थी प्रत्यक्ष लाभान्वित भएका छन् । वि.सं. २०१६ सालमा स्थापना भएको पश्चिम पहुनी मावि तिलोत्तमा नगरपालिका वडा नम्बर ६ पूर्व पहुनीमा रहेको छ। उक्त विद्यालयको पठनपाठनलाई प्रभावकारी बनाउन विद्यालय व्यवस्थापनले विभिन्न संघ-संस्थासंग सहकार्य समेत गर्दै आएको छ । विद्यालयका प्रधानाध्यापक दुर्गा नारायण श्रेष्ठले लायन्स क्लब अफ बुटवल सनसाईनको सहयोगले विद्यार्थीको एक घर, एक रेडियो अभियानलाई टेवा पुगेको बताए । उनले भने, 'हामीले विद्यार्थीको पठनपाठन गराउने विभिन्न विधि अपनाएका छौं। कक्षा ४ सम्म टोलटोलमा पुगेर शिक्षकले होमवर्क दिने गरेका छन् भने कक्षा ५ देखिमाथि अनलाइन कक्षा चल्छ। कक्षा ५, ६ र ७ का धेरै विद्यार्थी अनलाइनमा आउन सकेनन्। तर कक्षा ८, ९ र १० का ६० प्रतिशत सहभागी छन्।'

प्रअ श्रेष्ठका अनुसार रिड नेपालले तिलोत्तमा नगरपालिका भित्र १९ विद्यालयमा मेरो रेडियो, मेरो भविष्य कार्यक्रम सञ्चालन गरेको छ । इन्टरनेट, मोबाइल, ल्यापटप किनेर अनलाइन कक्षामा सहभागी हुन नसकेका विद्यार्थीको लागि उक्त कार्यक्रम प्रभावकारी हुने देखिन्छ।

लायन्स क्लब अफ बुटवल सनसाईनको ४२ थान रेडियो सहयोगसँगै पश्चिम पहुनीमा अध्ययनरत करिब सबै विद्यार्थी पठनपाठनबाट वञ्चित नहुने देखिएको छ।

रिड नेपालले रेडियो कार्यक्रम सुरु गरेसँगै १५ थान रेडियो दिएको थियो । विद्यालयले ५ थान थपेर सुरुमा २१ थान रेडियो वितरण गर्यो । त्यसपछि रोटरी क्लब अफ बुटवल चौतारिले ४० थान रेडियो सामग्री दिएको थियो भने शनिबार ४२ थान रेडियो लायन्स क्लब अफ बुटवल सनसाईनले सहयोग प्रदान गरेको छ । रेडियोमा विहान ८ बजेदेखि ९ बजेसम्म र साँझ साढे ५ बजेदेखि साढे ६ बजेसम्म रेडियो कार्यक्रम पाठ्यक्रममा आधारित भएर सञ्चालन हुने गर्दछ।

रेडियो हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख अतिथि लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ बी २ नेपालका भाइस डिष्ट्रिक गभर्नर नवराज न्यौपानेले शिक्षाको क्षेत्रमा लायन्स क्लब अफ बुटवल सनसाइनले गरेको सहयोग महत्वपूर्ण भएको बताए । उनले भने, 'आर्थिक अभावको कारण अनलाइन क्लास लिन नसकेको विद्यार्थीको लागि रेडियो कार्यक्रम सञ्चालन भयो। तर त्यही रेडियो समेत किन्न नसकेकै कारण धेरै विद्यार्थी पढाईबाट वञ्चित भएपछि सहयोगी भावले बुटवल सनसाइनले जुन कार्य गर्यो त्यसको जति प्रशंसा गरे पनि कम हुन्छ।'

लायन्स क्लब ३२५ बी २ का प्रमुख सल्लाहकार उमंग देवकोटाले कोभिडका कारण समग्र क्षेत्र प्रभावित भइरहेको बेला सबैभन्दा बढी असर विद्यालयमा परेको बताए । उनले महँगो नेट, महँगो मोबाइल वा ल्यापटप किनेर आफ्ना बालबालिकालाई पढाउन नसकेका मजदूर तथा विपन्न परिवारका बालबालिकाको पढाईमा सहयोग पुर्याउने कार्यमा लायन्स क्लब अफ बुटवल सनसाईनले गरेको सहयोग शिक्षाको क्षेत्रमा अतुलनीय रहने बताए।

रेडियो हस्तान्तरण कार्यक्रममा तिलोत्तमा नगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष सुकदेव न्यौपानेले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको पठनपाठनमा सहयोग पुऱ्याउने गरी गरेको सहयोग उल्लेखनीय भएको बताए।

लायन्स क्लब अफ बुटवल सनसाईन स्थापनाकालदेखि नै ग्रामीण क्षेत्रको समुदायमा रहेर सेवा गरिरहेको क्लबको संस्थापक अध्यक्ष जमुना पाण्डेले बताइन्।

गीता न्यौपानेको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खुमबहादुर थापा, बुटवल सनसाईनका प्रथम उपाध्यक्ष रश्मी अर्याल, सचिव संकल्प हमाल लगायतले बोल्दै रेडियो माध्ययमबाट चलिरहेको पठनपाठनलाई उपयोग गर्ने गरी लायन्स क्लब अफ बुटवल सनसाईनले सहयोग गरेको बताए।

# मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अन्तरक्रिया

भैरहवा, २० भदौ। (गौबुस)

मानव बेचविखन तथा ओसारपसारविरुद्धको १५ औं राष्ट्रिय दिवसको अवसरमा माइती नेपाल भैरहवाले सिद्धार्थनगर नगरपालिका वडा नम्बर ६ मा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरेको छ।

कार्यक्रममा ३० जना महिलाहरुको सहभागिता रहेको थियो । कार्यक्रममा माइती नेपालका कार्यक्रम संयोजक माया क्षेत्रीले प्रस्तुतीकरण गरेकी थिइन् । मानव बेचविखन भनेको के हो, कसरी बेचबिखनमा परिन्छ, कस्ता मान्छेसँग जोगिनुपर्छ, कानुनी व्यवस्था के छ जस्ता विभिन्न कुरामा उनले प्रस्तुतीकरण गरेका थिए । माइती नेपालका फिल्ड संयोजक सनोज चौधरीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# बाढीप्रभावित १२५ परिवारलाई राहत वितरण

भैरहवा, २० भदौ। (गौबुस)

लायन्स क्लब अफ सिद्धार्थनगर लेडी युथ र लायन्स क्लब अफ प्रोग्रेसिभ सिद्धार्थनगरले १२५ बाढीप्रभावित परिवारलाई राहत वितरण गरेको छ । अविरल वर्षाका कारण बाढीबाट प्रभावित रुपन्देहीको रोहिणी गाउँपालिका-५ स्थित पिपरहवा र ओमसतिया गाउँपालिका-४ स्थित गुजरपुरवा पुगेर राहत सामग्री वितरण गरिएको लायन्स क्लब अफ प्रोग्रेसिभका संस्थापक अध्यक्ष शार्दुल मयूर कसौधनले बताए । क्लबले बाढीप्रभावितको अवस्थाका बारेमा जानकारी लिइ रोहिणी गाउँपालिकाको समन्वयमा ७५ घरपरिवार र ओमसतिया वडा नम्बर ४ को समन्वयमा ५० परिवारलाई राहत वितरण गरिएको लायन्स सिद्धार्थनगर लेडी युथ वर्ष २०२१/२२ का अध्यक्ष तनु शर्मा कसौधनले बताइन्।

प्रतिपरिवार चामल, आटा, दाल, तेल लगायत खाद्यान्न सामग्री र मास्क गरी ३ लाख बराबरको खाद्यान्न सामग्री वितरण गरिएको लायन्स अफ प्रोग्रेसिभ सिद्धार्थनगरका प्रथम उपाध्यक्ष सुनिल सेञ्चुरीले बताए।

रोहिणी गाउँपालिकाका अध्यक्ष सनोज कुमार यादवको प्रमुख आतिथ्यता, लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ बी २ नेपालका डिष्ट्रिक एक्जुकेटिभ चिफ महेशचन्द थापा, डेपुटी सेक्रेटरी विजय पाण्डे, लुम्बिनी प्रेस क्लबका निवर्तमान अध्यक्ष दीपेश पछाई, समाजसेवी शैलेन्द्र उपाध्याय, पिपरहवा प्रहरी चौकी इन्चार्ज राजेन्द्र रावत, लायन्स जोन चेयरपर्सन अभिनव मयुर कसौधनको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो।

लायन्स सिद्धार्थनगर लेडी युथका संस्थापक अध्यक्ष सुधा कुंवरको ध्वजा अभिवादन तथा लायन्स प्रोग्रेसिभ सिद्धार्थनगरका सदस्य संजोगराज तिवारीको सञ्चालनमा सम्पन्न कार्यक्रमको संयोजन लायन्स प्रोग्रेसिभ सिद्धार्थनगरका सदस्यद्वय अस्मित पोखरेल र अभा मल्लले गरेका थिए।

# जनउत्थानमा कार्यविवरण हस्तान्तरण

भैरहवा, २० भदौ। (गौबुस)

जनउत्थान बचत तथा ऋण सहकारी संस्था लिमिटेड तिलोत्तमा-१५ कोटिहवा, रुपन्देहीले कार्यविवरण हस्तान्तरण कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा ऋण उपसमिति, शिक्षा उपसमिति, सम्पत्ति खरिद उपसमिति, व्यवस्थापन समिति, परामर्श कार्यदल र सिस्टर क्लबका संयोजक तथा सदस्यहरुलाई कार्यविवरण हस्तान्तरण गरिएको सहकारीका अध्यक्ष ज्ञानु पौड्यालले बताइन्।

त्यस्तै कार्यक्रममा पत्रकारितामार्फत सहकारी क्षेत्रको प्रवर्द्धनमा योगदान पुर्याएको भन्दै पत्रकार टोपराज शर्माले उत्कृष्ट सहकारी पत्रकारिता पुरस्कार प्राप्त गरेका छन् । रुपन्देहीको तिलोत्तमा-१५ स्थित कोटिहवामा मुख्य कार्यालय रहेको जनउत्थान बचत तथा ऋण सहकारी संस्था लिमिटेडले शर्मालाई नगद १५ हजार राशीसहित प्रमाणपत्रले पुरस्कृत गरेको हो । सहकारीले भलवारीमा आयोजना गरेको कार्यविवरण हस्तान्तरण कार्यक्रममा संस्थाकी अध्यक्ष ज्ञानु पौड्यालले शर्मालाई पुरस्कार प्रदान गरेकी हुन्।

सो अवसरमा सहकारीले उत्कृष्ट कर्मचारीमा पहुँच सेवा केन्द्र भैरहवाकी रविना राना, उत्कृष्ट सेवा केन्द्रमा पटकसार सेवा केन्द्र ठुटीपिपल तथा लकडाउनका बेला कृषि एम्बुलेन्स सञ्चालनमा योगदान गरेका समाजसेवी प्रख्यात बन्जाडे, चन्द्रबहादुर थापा र एम्बुलेन्स चालक भर्थरी गुप्तालाई सम्मान गरेको छ।

सहकारीमा हाल १९ हजार महिला र ८ हजार पुरुष गरी २७ हजार शेयर सदस्य छन्। अन्य ६ वटा सहकारीसँग एकीकरण गरेको सहकारीका रुपन्देही जिल्लाका ८ स्थानमा सेवा केन्द्र छन्। सहकारीको २ अर्ब ५१ करोड कूल पुँजीसहित १८ करोड जगेडा कोष छ। सहकारीका ८ वटा सेवा केन्द्र र ५४ जना कर्मचारी छन्।

सहकारीले आगामी २०८१ सालसम्म कुल पुँजी तीन अर्ब ५१ करोड रुपैयाँ र शेयर सदस्य ३५ हजार जना र जगेडा कोष ४१ करोड ७० लाख पुर्याउने लक्ष्य लिएको व्यवस्थापक रन बहादुर थापाले बताए। सहकारीका अध्यक्ष ज्ञानु पौड्यालको अध्यक्षता, उपाध्यक्ष गिरी प्रसाद पुनको स्वागत तथा सचिव सरु रानाको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# लायन्स द्वारा अभिमुखीकरण

भैरहवा, २० भदौ। (गौबुस)

लायन्स क्लब अफ सिद्धार्थनगर गौतमबुद्धले एकदिने अभिमुखीकरण कार्यक्रम तथा क्लब अधिकारीहरुका लागि तालिम सम्पन्न गरेको छ। क्लबमा आबद्ध तथा नयाँ सदस्यहरुलाई लायन्सको भूमिकाका बारेमा विस्तृत रुपमा जानकारी गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको कार्यक्रम संयोजक दुर्गेश जयसवाल (भोला)ले बताए।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ बी २ नेपालका सेकेण्ड भाइस गभर्नर नवराज न्यौपानेले लायन्सले सामाजिक कार्य गर्न प्रेरणा दिने बताए। उनले लायन्स क्लबमा महिलाको सहभागिता बढ्दै गएको बताए । कार्यक्रममा लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ बी २ नेपालका चिफ डिष्ट्रिक एडभाइजर उमंग देवकोटा र डेपुटी सेक्रेटरी विजय पाण्डेले सहभागिहरुलाई प्रशिक्षण दिएका थिए।

लायन्स क्लब अफ सिद्धार्थनगर गौतमबुद्ध वर्ष २०२१/२२ का अध्यक्ष दिनेश गुप्ताको अध्यक्षता, कार्यक्रम संयोजक दुर्गेश जैसवालको स्वागत, क्लबका सदस्य अनिल कुमार गुप्ताद्वारा झण्डा अभिवादन तथा सचिव सुमेर विक्रम खाँणको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# सहकारी पुर्नगठनसम्बन्धी अन्तरक्रिया

भैरहवा, २० भदौ। (गौबुस)

सिद्धार्थनगर नगरपालिकाको आयोजनामा सहकारी पुर्नगठनसम्बन्धी अन्तरक्रिया कार्यक्रम भैरहवामा सम्पन्न भएको छ । नगरभित्रका ३० वटा सहकारीका अध्यक्ष र १ जना पदाधिकारी गरी ६० जना सहकारी प्रतिनिधिहरु सहभागि रहेको कार्यक्रममा नगरपालिकाका अधिकृत कमलकान्त खनालले कार्यपत्र प्रस्तुत गरेका थिए।

कार्यपत्रमाथि सहकारी विज्ञ चन्द्रकान्त भट्टराईले टिप्पणी गरेका थिए । उनले सहकारीको वर्तमान अवस्थामा गर्नुपर्ने कामका व्यवहारिकताका बारेमा प्रकाश पारेका थिए। नगरप्रमुख हरिप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा नगर उपप्रमुख उमा काफ्ले, आर्थिक उपसमिति संयोजक थानेश्वर पौडेल, सदस्य रुपा पुन, सहभागीकोतर्फबाट गंगाराम भट्टराई, शान्ति अधिकारी लगायतले बोलेका थिए। नगरपालिकाका कृषि शाखा अधिकृत योगेन्द्रनाथ यादवले गरेका थिए।

कार्यक्रममा स्थानीय सरकारको कार्यक्षेत्र, सहकारी एकीकरण गर्न नसकिने अवस्थाहरु, सहकारी एकीकरण प्रक्र्याका विविध पक्षहरु लगायतका विषयमा पनि छलफल भएको थियो।

# एलआइसीले मनायो वार्षिक उत्सव

बुटवल, २० भदौ। (गौबुस)

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड आफ्नो स्थापनाको २० वर्ष पुरा गरी २१ औं वर्षमा प्रवेश गरेको छ। २१ औं वर्ष प्रवेश गरेको अवसरमा बुटवल शाखाले एक कार्यक्रमकाबीच वार्षिक उत्सव मनाएको छ । एलआइसी नेपालल सन २००१ सेप्टेम्बर १ तारिखमा स्थापना भइ निरन्तर रुपमा बीमित तथा सेवाग्राहीहरुलाई उत्कृष्ट तवरले सेवा प्रदान गर्दै आइरहेको छ। कार्यक्रममा बुटवल शाखा प्रमुख ज्योती पौडेलले वर्तमान विषम परिस्थितिमा पनि आम नागरिकको विश्वास जितेर कम्पनी अगाडि बढिरहेको भन्दै मानवीय जोखिम न्यूनीकरणका लागि बीमा अपरिहार्य आवश्यकता बनेको बताए।

वार्षिक उत्सवकै अवसरमा एलआइसी बुटवल शाखाले नयाँ अभिकर्ताहरुका लागि प्रशिक्षण सञ्चालन गरेको थियो । तालिमको अवसरमा कम्पनीका शाखा प्रमुख ज्योती पौडेलले अभिकर्ताले निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा प्रकाश पारेका थिए । कम्पनीका एजेन्सी म्यानेजर फणिन्द्र पुरीले बीमाको परिचय, बीमा व्यवसायको वर्तमान अवस्था र चुनौतिदेखि यस क्षेत्रको विकास र विस्तारको साथै बीमाको विभिन्न पोर्टफोलियोको बारेमा प्रशिक्षण प्रदान गरेका थिए । उनले बीमा अभिकर्ता भइ काम गर्दा ध्यान दिनुपर्ने कुराहरु, जीवन बीमाको आधारभूत अवधारणा तथा अभ्यासहरुको जानकारीका साथसाथै जीवन बीमामा एलआइसीले खेलेको भूमिकाको बारेमा तालिममा सहभागीहरुलाई स्पष्ट पारेका थिए । त्यस्तै एजेन्सी म्यानेजरहरु सुजित शर्मा, नवराज गौतम, यम बहादुर राना लगायतले जीवन बीमाको बारेमा जानकारी दिएका थिए।

## परिचयपत्र हराएको सूचना

मेरो निम्न व्यहोरा भएको कतार सरकारको परिचय पत्र हराएको हुँदा फेला पर्ने महानुभवले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरी दिनु हुन अनुरोध छ।

नामः सुवास चाई
ठेगानाः शुद्धोधन गाँउपालिका ४, पिपरहवा, क.ब.
परिचय पत्र नं: २९५५२४३६६३८
मो नं. ९८००७१००२०

Pro. Pramod Kumar Raut
9847196480
9802696480
9846927701

$H_2O$ शुद्ध प्रशोधित पानीको उत्पादक
Aarushi
BEVERAGE INDUSTRIES
Siddharthanagar-12, Bhairahawa E-Mail: pkraut65@gmail.com
नोट: विवाह, पार्टी, भोज तथा अन्य शुभ अवसरमा पानी चाहिएमा हामीलाई सम्झनुहोस्। साथै होम डेलिभरीको व्यवस्था छ।

सधै सुख-शान्तिलाई ७ आधार

(१) जे जति नराम्रा छाड्नु छ र राम्रा पुरुषार्थ जो गर्नु छ , गरी हाल्नुपर्छ , किनकि शरीर भोलिसम्म नरहन पनि सक्छ। (२) तास जुवा आदि नखेल्नु। (३) चुरोट खैनी आदि नखानु। (४) हिंसारुप मासु, माछा, अण्डा नखानु। हत्या नगर्नु। तागतका लागि दूध, दही, पनिर, घिउ आदि खानु। (५) मादक पदार्थहरु नखानु, परस्त्री/परपुरुषसंग अवैध सम्बन्ध नराख्नु। (६) गीताको सार-कर्म, भक्ति र ज्ञानपूर्वक परमात्माको अनुभव गरिरहनु। (७) यथार्थमा वरफमा पानी मात्र भए जस्तै संसारमा परमात्मा मात्र सत्य हो। परमात्मा हो- निरहंकार अद्वैतपूर्वक, सदाशुद्ध आफू- ब्रह्मरुपले अखण्ड सुख' को अनुभव गरिरहनु।

"अद्वैत प्रदीप" बलराम जी.सी.सरस्वती
अध्यक्ष
अखण्ड सुख केन्द्र, भैरहवा, नेपाल
सम्पर्क :९८४७०२०७१८

As On 2078-5-21
MRP of Pigeon Chimney

## अधिकतम खुद्रा बिक्री मुल्य MRP प्रकाशनको सूचना

यस फर्म कम्पनीले भारत बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मुल्य निम्न बमोजिम भएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र. सं. | माल वस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उपशिर्षक मुलुक | ईकाई | प्रति ईकाई मुल्य | अधिकतम खुद्रा बिक्री मुल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Chimney | 60 cm | Pigeon | Nebula 60 | 980 m3/H | India | NOS | 4484.40 | 4932.84 |
| २ | Chimney | 60 cm | Pigeon | Infinity 60 | 1000 m3/H | India | NOS | 5382.38 | 5920.61 |
| ३ | Chimney | 60 cm | Pigeon | Black Pearl Adv. 60 | 1500 m3/H | India | NOS | 6875.94 | 7563.53 |

**बिक्रेता फर्मको नाम:** धन महालक्ष्मी इन्टरप्राइजेज **ठेगाना:** रुपन्देही, नेपाल **फोन नं.** ९८१५४६३१६६ **स्थायी लेखा नं.:** ६१३४३४६१४

**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनिक**का लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **कार्यालय प्रमुख** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह-सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रुपन्देही, **फोन नं.**:०७१-५७४३३०, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल